# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति २०७६/०९/१०)

यस वित्तीय संस्थाको आ.व. २०७६/०७७ को रिक्त कर्मचारी दरबन्दी मध्ये देहाय बमोजिमका पदहरू खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी रुपमा पूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरूबाट २०७६/०९/१० देखि २०७६/१०/१० गतेसम्म अर्थात ३० दिन भित्र र सोपछि दोब्बर दस्तुर तिरी मिति २०७६/१०/१७ गतेसम्मको अवधिभित्र दरखास्त आह्वान गरिएको छ । उम्मेदवारहरूले http://jobs.skbbl.com.np बाट अनलाइन आवेदन दिनु पर्ने एवं परीक्षा दस्तुर वापतको रकम e-Sewa बाट अनलाईन नै भुक्तानी गर्नु पर्नेछ । यसरी अनलाइन मार्फत दस्तुर बुझाउँदा परीक्षा दस्तुर बाहेक अन्य कुनै पनि शुल्क नलाग्ने यसै सूचनाबाट जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद/श्रेणी/तह | पद संख्या | खुला र समावेसी | | परीक्षा दस्तुर | न्यूनतम शैक्षिक योग्यता/वाञ्छनीय योग्यता | उमेर | काम गर्नु पर्ने कार्यालय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | खुला | महिला | | | | |
| १ | ०४/२०७६/०७७ | मुख्य प्रबन्धक, अधिकृत प्रथम, तह–१० | १ | १ | ० | १,२००।– | (क) वाणिज्यशास्त्र वा व्यवस्थापन वा अर्थशास्त्र वा विज्ञान वा कृषि विज्ञान विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी बैंक वा वित्तीय संस्थाहरूमा अधिकृतस्तरमा कम्तिमा ५ वर्ष काम गरेको वा (ख) कुनै विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी बैंक वा वित्तीय संस्थाहरूमा अधिकृतस्तरमा कम्तिमा ७ वर्ष काम गरेको वा (ग) चार्टर्ड एकाउण्टेण्ट उत्तीर्ण भई आइक्यान (ICAN) को सदस्यता प्राप्त गरेको र नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त बैंक तथा वित्तीय संस्थामा कम्तिमा ५ वर्ष काम गरेको वा (घ) वाणिज्यशास्त्र वा व्यवस्थापन वा अर्थशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी अन्तर्राष्ट्रिय संघ/संस्थामा अधिकृतस्तरमा कम्तिमा ७ वर्ष काम गरेको । | ३० वर्ष पूरा भई ४५ वर्ष | केन्द्रीय कार्यालय |
| २ | ०५/२०७६/०७७ | वरिष्ठ प्रबन्धक, अधिकृत द्वितीय, तह–९ | ३ | २ | १ | १,२००।– | (क) वाणिज्यशास्त्र वा व्यवस्थापन वा अर्थशास्त्र वा विज्ञान वा कृषि विज्ञान विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी बैंक वा वित्तीय संस्थाहरूमा अधिकृतस्तरमा कम्तिमा ३ वर्ष काम गरेको, वा (ख) चार्टर्ड एकाउण्टेण्ट उत्तीर्ण भई आइक्यान (ICAN) को सदस्यता प्राप्त गरेको र नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा कम्तिमा ३ वर्ष काम गरेको वा (ग) वाणिज्यशास्त्र वा व्यवस्थापन वा अर्थशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी अन्तर्राष्ट्रिय संघ/संस्थामा अधिकृतस्तरमा कम्तिमा ५ वर्ष काम गरेको । | २५ वर्ष पूरा भई ४० वर्ष ननाघेको | केन्द्रीय कार्यालय |
| ३ | ०६/२०७६/०७७ | वरिष्ठ अधिकृत, अधिकृत तृतीय, तह–७ | १ | १ | ० | १,०००।– | (क) वाणिज्यशास्त्र वा व्यवस्थापन वा अर्थशास्त्र वा विज्ञान वा कृषि विज्ञान विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी बैंकिङ्ग/वित्तीय/लघुवित्त संस्थामा कम्तिमा १ वर्ष काम गरेको कार्य अनुभव, (ख) वाणिज्यशास्त्र वा व्यवस्थापन वा अर्थशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी अन्तर्राष्ट्रिय संघ/संस्थामा कम्तिमा २ वर्ष काम गरेको वा (ग) चार्टर्ड एकाउण्टेण्ट उत्तीर्ण भई आइक्यान (ICAN) को सदस्यता प्राप्त गरेको । | २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको | इ.का. इटहरी, सुनसरी |
| ४ | ०७/२०७६/०७७ | वरिष्ठ अधिकृत, अधिकृत तृतीय, तह–७ | १ | १ | ० | १,०००।– | | | इ.का. बर्दिबास, महोत्तरी |
| ५ | ०८/२०७६/०७७ | वरिष्ठ अधिकृत, अधिकृत तृतीय,तह–७ | १ | १ | ० | १,०००।– | | | इ.का. विरेन्द्रनगर, सुर्खेत |
| ६ | ०९/२०७६/०७७ | वरिष्ठ सहायक, सहायक प्रथम, तह–५ | १ | १ | ० | ५००।– | (क) वाणिज्यशास्त्र वा व्यवस्थापन वा अर्थशास्त्रमा स्नातक तह उत्तीर्ण । | १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको | इ.का. पोखरा, कास्की |
| ७ | १०/२०७६/०७७ | वरिष्ठ सहायक, सहायक प्रथम, तह–५ | १ | १ | ० | ५००।– | | | इ.का. विरेन्द्रनगर, सुर्खेत |
| ८ | ११/२०७६/०७७ | वरिष्ठ सहायक, सहायक प्रथम, तह–५ | १ | १ | ० | ५००।– | | | इ.का. बुटवल, रुपन्देही |
| ९ | १२/२०७६/०७७ | वरिष्ठ सहायक, सहायक प्रथम, तह–५ | १ | १ | ० | ५००।– | | | इ.का. नेपालगंज, बाँके |
| १० | १३/२०७६/०७७ | वरिष्ठ सहायक, सहायक प्रथम, तह–५ | १ | १ | ० | ५००।– | | | इ.का. बनेपा, काभ्रे |

**नोटः**

१. परीक्षा हुने मिति र स्थान : सम्बन्धित उम्मेदवारहरूको मोबाइलमा SMS गरी पठाउनुको साथै यस वित्तीय संस्थाको Website र सूचना पाटीमा सूचना प्रकाशन गरी जानकारी गराइने छ ।

२. परीक्षाको किसिम : तह ७, ९ र १० को लागि लिखित, कौशल/गुणमापक परीक्षण (Competency Test) तथा अन्तर्वार्ता र सहायकस्तर पदका लागि लिखित, कम्प्यूटर सम्बन्धी प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता ।

३. तलब भत्ता तथा सुबिधा : वित्तीय संस्थाको नियम अनुसार ।

४. परीक्षण काल अवधि : पुरुष कर्मचारीको हकमा १ वर्ष र महिला कर्मचारीको हकमा ६ महिना ।

५. उमेरको हद : महिला आवेदक र यस वित्तीय संस्थाको शेयरधनी साना किसान सहकारी संस्था लि.मा कार्यरत कर्मचारीको हकमा उपर्युक्त उल्लिखित उमेरको हदमा ५ वर्ष थप गरी कायम गरिने छ, यस वित्तीय संस्थाका स्थायी वा करारमा कामकाज गरिरहेका कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

६. खुला र महिला समावेशी दुबै तर्फ दरखास्त दिने उम्मेदवारले अधिकृतस्तर पदका लागि रु.५००।– (पाँच सय) थप दस्तुर बुझाउनु पर्नेछ ।

७. उपर्युक्त विज्ञापन अनुसार समान पद र श्रेणीका लिखित परीक्षाहरू एउटै मिति र समयमा सञ्चालन हुनेछन् । अन्य कुराको हकमा वित्तीय संस्थाको नियम अनुसार हुनेछ ।

८. सबै पदहरूको पाठ्यक्रम तथा अनलाइनबाट फाराम भर्ने एवं परीक्षा दस्तुर बुझाउने विधि यस लघुवित्त संस्थाको वेबसाइट www.skbbl.com.np बाट प्राप्त गर्न सकिने छ ।

पदपूर्ति समिति,

**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**

(साविकको नाम : साना किसान विकास बैंक लि.)

केन्द्रीय कार्यालय, सुबिधानगर, काठमाडौं, नेपाल